नेपाली कांग्रेस
जिल्ला कार्य समितिको कार्यालय
बी.पी. स्मृती भवन धनगढी, कैलाली

च .न. ०८२/०८३

मिति:-२०८२ भाद्र ३० गते।

प्रेस विज्ञप्ति

जेएनजी युवाहरुले २०८२ भाद्र २३ र २४ गते देशभरी गरेको प्रदर्शनका क्रममा जीवन उत्सर्ग गर्नुहुने होनाहार युवाहरु, सुरुक्षाकर्मी लगायत प्रति भावपूर्ण श्रदान्जली व्यक्त गर्दै, परिवारजनमा गहिरो समबेदना अर्पण गर्दछौ । साथै प्रदर्शनीका क्रमममा घाईते हुनु भएका, अस्पतालमा उपचार गरिरहनु भएका, उपचार गरि घर फर्किनु भै स्वास्थ्य लाभ गरिरहनु भएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ।

यस प्रदर्शनका क्रममा लोकतन्त्रका लागि जीवन पर्यन्त अविचलित रुपमा संघर्ष गरेका हाम्रो पार्टी नेपाली कांग्रेसका आदरणीय सभापति शेर बहादुर देउवा, नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं निवर्तमान परराष्ट्र मन्त्री डा. आरजु राणा देउवा माथिको अमानवीय वर्वरता पूर्ण भौतिक आक्रमणको घोर निन्दनीय एबं भत्सर्ना गर्दछौ । साथै उहाँहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ।

प्रदर्शनमा जेएनजी पुस्ताको भावना विपरित अवान्छित घुसपैठ गरि सिंहदरबार,संसद भवन, सर्वोच्च अदालत, प्रदेश सभा भवन, मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, विभिन्न मन्त्रलाय, सरकारका निकाय, कार्यालय, संघिय प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यहरुको निवास/ क्वाटर, स्थानीय पालिकाका प्रशासनिक भवन, वडा कार्यालय, स्थानीय जनप्रतिनिधिका निजि घर सम्पति, विभिन्न निजि व्यावसायिक प्रतिष्ठानका भवन तथा राजनीतिक दलका कार्यालय, वितिय संस्था मिडिया हाउस, राजनीतिक दलका नेता र व्यक्तिका निजि घरमा आगजनी, तोडफोड़ा गरि खर्बो संरचना ध्वस्त गरिएको घटना प्रति खेद ब्यक्त गर्दै यो अकल्पनीय र दुखद घटनाको निन्दा एबं भत्सर्ना गर्दछौ।

सरकारले क्षतिको वास्तविक आकलन गरि आवश्यक पुर्नस्थापना र पुन निर्माणको कार्य अगाढी बढाउन साथै आन्दोलमा घुसपैठ गरि आगजनी, तोडफोड़ा र हिंसामा संलग्न दोषीको पहिचान गरि दोषीलाई आवश्यक ससक्त कानुनी कार्बाही गर्न माग गर्दछौ।

राष्ट्रियता,संघियता,संघिय लोकतान्त्रिक गणतन्त्र, समावेशिता र समाजबाद प्रति प्रतिवद्धता जनाउदै एतिहासिक जनआन्दोलन र सामाजिक न्यायको आन्दोलनको जगमा प्राप्त संबैधानिक,राजनीतिक अधिकारहरुको रक्षा गर्दै, संघिय लोकतान्त्रिक गणतन्त्रको दिशामा अगाडी वढन दृढता व्यक्त गर्ने साथै संघिय लोकतान्त्रिक गणतन्त्रको रक्षार्थ वर्तमान संविधानको रक्षाको लागि हरेक प्रकारका संबिधान विरुद्धका क्रियाकलापमा लाग्न सबैलाई आग्रह गर्दछौ।

अहिलेको विषम र अस्थिर परिस्थिबाट उठन र पुर्ननिर्माणमा जुट्न संयम,संवाद र एकता अपरिहार्य छ। अत्यन्तै कठिन अवस्था र प्रतिकुलताका विच पनि सामाजिक एकता र सद्भाव नेपाली समाजको बिशिष्ट चरित्र लाई बलियो ढंगले प्रस्तुत गर्न स्वदेश र बिदेशमा रहेका समस्त नेपाली आमाबुवा, दिदीबहिनी दाजुभाईमा हार्दिक आव्हान गर्दछौ।

जय नेपाल।

(नारायण दत्त भट्ट)
सभापती

सभापति